# गाउँपालिका अध्यक्ष कर्ण सिंह साउदज्यूद्वारा शिवनाथ गाउँपालिकाको तर्फबाट गाउँसभाको १३औं अधिवेशन समक्ष प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०८१/०८२

शिवनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश
नेपाल

१० असार २०८१

## (क) स्थानीय सरकारको नीति तथा कार्यक्रम

**आदरणीय सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेकाछौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिईएकोछ।

## (ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक)

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाईलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ग) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरू:

**हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछ्नः**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

### विद्यमान चुनौतीहरू:

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछ्नः**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१० . अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११.बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२.सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. संघ र प्रदेशबाट प्राप्त राजश्व बाँडफाँड र सामानिकरण अनुदान पर्याप्त निकासा नहुनु ।
१४. हिउद र वर्षा याममा वर्षा नभई सुख्खा क्षेत्र बढदै जानु ।
१५. स्थायी चौथो र पाचौं प्रशासनिक पदहरुको पदपूर्ती नहुनु ।

## (घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरूः-

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, १६औं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

१६औं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याईएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

## (ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

*" समृद्धि शिवनाथ गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन, पूर्वाधार र रोजगार। "*

**भौतिक पूर्वाधार विकास तर्फ**

१. सडक तर्फ गाउँपालिका आँफैले कुल १४ कि.मि. ग्राभेल सहित जम्मा १८६.४३ कि.मि. सडक ट्र्याक खोलि सबै सडक खण्डहरुलाई बाहैं महिना सञ्चालनमा रहेको र गा.पा.भित्र २ वटा वस्ती बाहेक सबै बस्तिहरुमा सडक सञ्चाल जोडिएको छ ।

२. सिचाई तर्फ मुख्य गरी २ वटा ठुला सिचाई योजना अन्तर्गत भाडी गडा सिचाई योजना र रत्याल सिचाई योजना गरी गाउँपालिकाको अधिकांश क्षेत्रमा साना सिँचाई योजना निर्माण गरी अधिकांश क्षेत्रमा सिँचाई सेवा विस्तार भएको छ।

३. गाउँपालिका भित्र ग्रयाभिटी सिस्टमबाट खानेपानी पहुँचमा नरहेका क्षेत्रमा ४ वटा लिफ्ट सिँचाई योजनाहरु निर्माण गरी खानेपानी सुबिधा उपलब्ध गरिएको छ।

४. सुरक्षित नागरीक आवासका लागि गाउँपालिकाभित्रका गरिब विपन्न दलित एकल महिला लगायतका परिवारलाई आवासको व्यवस्था गरी विभिन्न कार्यक्रम शुरक्षित नागरिक आवास,जनता आवास ,विभिन्न घरमर्मत तथा छाना मर्मत कार्यक्रम मार्फत कार्यक्रम सञ्चालन गरी नागरीकहरुलाई सेवा दिईएको छ ।

५. प्रशासकिय सुधार तथा शासकिय प्रबन्ध तर्फ गाउँपालिकाको आफ्नै भवन ४ विभिन्न ४ वटा वडा कार्यालयहरुको नयाँ भवन निर्माण गरी सेवा सञ्चालन भईरहेको र बाँकी २ वटा वडा कार्यालय निर्माण हुने चरणमा रहेको छन्।

६. स्वास्थ्य तर्फ आधारभुत अस्पताल निर्माणाधिन अवास्थामा रहेको र बाँकी ६ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुलाई आफ्नै स्रोत साधन मार्फत स्तरोन्नती साथै नयाँ निर्माण गरी सञ्चालन भईरहेको छ।

७. खेलकुद तर्फः- गाउँपालिका भित्र २ वटा गाउँपालिका स्तरीय (सुल्लेखान खेलमैदान र खुल्पुर खेलमैदान) खेलमैदान र ६ वटै वडाहरुमा वडा स्तरीय खेलमैदान निर्माण भई खेलगतिबिधि सञ्चालन भईरहेको छ।

८. बिधुतिकरण तर्फ यसै आ.व. मा गाउँपालिका कार्यालयमा बिधुत जडान भएको र बाँकी वडा र वस्तीहरुमा पनि तत्कालै विधुतिकरणका लागि आवश्यक पहल भईरहेको छ।

९. शिक्षातर्फ गाउँपालिकाले आफ्नो स्रोत साधनले सम्भव भएका विभिन्न गाउँपालिक स्तरका योजनाहरु सञ्चालन गरी विद्यालय घेरबार, कक्षाकोठा निर्माण तथा मर्मत, अन्य भौतिक सुधारका कार्यक्रमहरु सञ्चालन गरी विद्यालयहरुलाई भौतिक रुपमा सबल बनाईएको छ।

१०. यस गाउँपालिकाको अति शुख्खा क्षेत्रहरु वडा नं.०१, ०२ र ०४ मा रहेका वस्तिहरुमा खानेपानी सुबिधा उपलब्ध गराउन यसै आ.व.मा महाकालि देखि शर्मालीी लिफ्ट खानेपानी योजनाको विस्तृत योजना प्रतिवेदन तयार गरी बजेटका लागि विभिन्न निकायहरु सँग पहल भईरहेको छ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

१. आधारभूत तह अन्तर्गत शैक्षिक सत्र २०८० सालको कक्षा ८ को परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण भएको छ।

२. विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत विज्ञान प्रयोगशाला अनुदान श्री उदय मा.वि., कफाडी, निःशुल्क पूस्तकालय अनुदान श्री पीपलकोट मा.वि.,लोजनीले कार्यसम्पन्न गरिसकेको र उत्कृष्ट विद्यालय अनुदान बापतको रकम २ वटा विद्यालयहरु सित सम्झौता गरिएको छ।

३. आधारभूत र माध्यमिक तहमा शुन्य दरबन्दी भएका वा एकमात्र दरबन्दी भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी बिषयमा ५ वटा माध्यमिक विद्यालयहरुमा ९ वटा र ६ वटा आधारभूत विद्यालयमा ३ वटा दरबन्दी बराबरको अनुदान निकासा गरिएको छ।

४. गाउँपालिका स्थित कक्षा १ देखि ३ मा पठनपाठन गर्ने शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी २ दिने कस्टमाइज्ड तालिम सम्पन्न भएको छ ।

५. शिवनाथ गाउँपालिका भरी लेटर ग्रेडिङ पद्धति तथा विद्यार्थी कार्यसञ्चिका राख्ने परिपाटीको विकास र प्रतिबद्धता भएको छ।

६. स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०८० सालको कार्यसम्पादन मूल्यांकन संकलन,दर्ता र अकंन तथा सिफारिस/प्रमाणीकरणको कार्य भईरहेको छ।

७. शिक्षकहरुको बिरामी शिदा अभिलेख प्रमाणीकरण तथा सम्प्रेषण भएको छ।

८. विद्यालय संख्याः माध्यमिक तह ९ वटा, निम्न माध्यमिक तह ५ वटा, प्रा.वि.तह (कक्षा १-५) १६ वटा र प्रा.वि.तह (कक्षा १-३) ५ वटा गरी जम्मा ३४ वटा विद्यालयहरु रहेका, शिशु विकास केन्द्र ५ वटा र सामुदायिक अध्ययन केन्द्र १ वटा गरी जम्मा ४० वटा शैक्षिक संस्थामा सेवा प्रवाह भएको छ।

९. गाउँपालपिका स्तरीय तेश्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता,२०८० श्री नागार्जुन आ.वि.,शर्मालीमा सम्पन्न भएकोछ ।

१०. कार्य अवधि समाप्त भएका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिहरुको नयाँ विद्यालय व्यवस्थापन समितिहरु गठनमा शाखाबाट प्रत्यक्ष सहजीकरण भईरहेको छ।

११. शैक्षिक गुणस्तर बृद्धि गर्ने सम्बन्धमा पालिकास्तरमा शिक्षा अधिकृतको संयोजकत्वमा ११ सदस्यीय पालिकास्तरीय कार्यदल गठन गरी प्रतिबेदन लेखन भईरहेको छ।

१२.सबै वालवालिकाहरुलाई समयमै पाठ्यपुस्तक,छात्रबृत्ती लगायत अन्य शशर्त अनुदान निकासा भईसकेको छ।

१३.बार्षिक एकमुष्ठ अनुदानबाट सञ्चालित हुने विद्यालयहरु ६ वटै सित सम्झौता गरी रकम निकासा गरिएको छ।

१४.सबै विद्यालयहरुलाई एमिस अपडेटका लागि सूचना गरिएको छ।

१५.विद्यालयहरुलाई शिक्षा शाखाको तर्फबाट बार्षिक शैक्षिक क्यालेण्डर वितरण गरिएको छ।

१६.शसर्तका निकासा बाँकी तथा चालू तर्फका कार्यक्रमहरु समेत केही बाँङ्की रहेका छन।

१७.शिक्षक डायरी छपाईको कार्य भई सकेको छ।

१८.शिक्षकको बार्षिक तलबी प्रतिबेदन २०८१ प्रमाणीकरण गरिएको छ।

१९.कक्षा ८ र एसईई परीक्षा २०८० सालको अनुगमन भई सकेकोछ।

२०.विभिन्न विद्यालयहरुले सम्झौता गरेका योजनाहरुको अन्तिम अनुगमन गरी शैक्षिक सेवा प्रवाह गरिएको छ।

२१.कक्षा ५,८ र १० को नयाँ पाठ्यक्रम प्रबोधीकरण पालिकास्तरमा सम्पन्न गरिएको छ।

२२.सूचना प्रविधिमा आधारित २ दिने तालिम सम्पन्न गरिएको छ।

२३.शिक्षा क्षेत्रको थप गुणात्मक सुधारका लागि नीति तथा कार्यक्रम निर्माण भएका छन।

२४.विभिन्न विद्यालयहरुले गरेका खरिद सम्झौताहरुको अनुगमन र पृष्ठपोषण गरिएको छ।

२५.स्थानीय पाठ्यक्रम (कक्षा ४-५, ६-८) निर्माण सम्पन्न भएको छ ।

२६.गाउँपालिकाको विशेष पहलमा स्थानीय जनताको चहाना बमोजिम त्रिभुवन विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने पवित्र उद्देश्य लिई शिवनाथ-२, शर्मालीमा ग्राम प्रकाश बहुमुखी क्याम्पस स्थापना गरी अध्ययन कार्य अगाडी बढाउन सफलता हासिल गरेकोछ ।

## स्वास्थ्य क्षेत्र तर्फ

१. गाउँपालिकाको पहलमा पूर्ण संस्थागत सुत्केरी गाउँपालिका र ० होम डिलेभरी गराउन ६ वटै वडा भित्र दक्ष जनशक्ति सहितको प्रविधिक सेवा उपलव्ध गराई १८ वटा सुरक्षित प्रसुति केन्द्र स्थापना गरीएकोछ, साथै गर्भवतिलाई कोशेली कार्यक्रम सञ्चालन गरि पालिका भित्रका ६ वटै वडा लाइ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने लक्ष राखिएकोछ।

२. वडा नं. १, ३ र ५ मा आधारभूत सेवा केन्द्र स्थापना साथै स्वास्थ्य चौकी र आधारभूत सेवा केन्द्रमा बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र सहयोगमा २ कि.वा. को सौर्य उर्जा जडान भएको छ ।साथै वडा नं. ५ मा विद्युत जडान गरी खोप सेवा लाई ब्यवस्थित गर्न ६वटै वडामा

डोमेस्टिक फ्रिजको ब्यवस्था गरिईएकोछ र पालिकामा ।आई.एल.आर. फ्रिजको व्यवस्था गरी पालिकाबाटै खोप वितरणको व्यवस्था मिलाईएको छ ।

३. साथै स्वास्थ्य सेवा ब्यवस्थापा सूचना ब्यवस्थापन प्रणालीलाई ब्यवस्थापन गर्न ७ वटै स्वास्थ्य सस्थाहरुमा ल्याप्टप तथा प्रिन्टरको ब्यवस्था गरिएकोछ र आवश्यक तालिम सबै स्वास्थ्य सस्था प्रमुख लाई दिईएकोछ ।

४. गर्भवतीलाई घरमै अथवा टोलमै सेवा उपलव्ध गराउने उदेश्यले घुम्ति सेवा मार्फत ३ पटक भिडियो एक्सरे सेवा संचालनमा भएको छ ।

५. पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन समय समयमा शिबिर संचालन गरिएको छ।

६. दिर्घकालिन रोगहरुको समयमै पत्ता लगाई आवश्यक निदानका लागी क्षयरोग जस्ता बिभिन्न रोगहरु पत्ता लगाउन समय समयमा शिबिरहरु संचालन गरीएको छ ।

७. शिवनाथ गाउँपालिकाका ० देखि ५९ महिनासम्मका सबै बालवालिकाहरुलाई १५ महिना भित्र पाउँनु पर्ने सम्पूर्ण खोप पुरा गरी पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरेकाछौं ।

८. प्रदेश सरकारसँग समन्वय गरि वडा नं. २, शर्मालीमा आर्युवेदीक आरोग्य केन्द्र स्थापना गरिएकोछ ।

९. च्यारेटी हेल्थ फाउण्डेसनको सहयोगमा शिवनाथ गाउँपालिकामा आँखा उपचार केन्द्र स्थापना गरी निःशुल्क दुई दिने बृहत आँखा शिविरबाट ६३३ जनाले आँखा उपचारको सेवा लिए जस मध्ये मोति बिन्दु र जल बिन्दु गरी १०६ जनाको शल्यक्रिया भयो भने ४ जनाको मासु पलाएको गरी ११० जनाको शल्यक्रिया गरियो । साथै आँखा उपचार सेवा विहान १० बजेदेखि वेलुका ५ बजेसम्म भई रहेको जानकारी अबगत गराउन चाहान्छु ।

## खानेपानी क्षेत्र (वास) तर्फ

१. गाउँपालिकाको पहलमा हालसम्म विभिन्न खानेपानी आयोजना सञ्चालन गरी **एक घर एक धारा**को नीति अनूरुप ७१६ धारा निर्माण सम्पन्न भएका छुन ।

२. गाउँपालिका अन्तगतका ६ वटै वडाहरुमा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति (W-WASHCC) का २६२ जना सहभागीलाई वास/पूर्ण सरसफाई सम्बन्धि तालिम सञ्चालन गरी क्षमता अभिबृद्धि गराउने कार्य सम्पन्न भएको छ ।

३. गाउँपालिका भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जलस्रोत समितिमा अनिवार्य रुपमा दर्ता गराई दर्ता प्रमाण पत्र वितरण गर्ने कार्य गरिएको छ ।

४. गाउँपालिका भित्रका ४ वटा माध्यमिक विद्यालयहरुमा पूर्ण सरसफाई र तीन तारा अभिबृद्धि सम्बन्धि २ दिने तालिममा ८४ जना सहभागीहरुको क्षमता अभिबृद्धि गराउने कार्य सम्पन्न भएको छ ।

५. पूर्ण सरसफाई उन्मुख गरिएका ४ वटा खानेपानी तथा सरसफाइ योजना क्षेत्रमा पूर्ण सरसफाइका कृयाकलापको अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी ९१ जना सहभागीहरुलाई पूर्ण सरसफाई सम्बन्धि पुर्नताजगीय तालिम सञ्चालन गरी सम्पन्न भएको छ ।

६. तीन तारा विद्यालय सुनिश्चितता घोषणा गरिएका ६ वटा विद्यालयहरुमा १० वटा सुचकहरुको स्वमुल्याङ्कन गराई विद्यालय व्यवस्थापन समिति र विद्यालय वास समितिका १२८ जना पदाधिकारीहरुलाई तीन तारा अभिबृद्धि सम्बन्धि क्षमता अभिबृद्धि गराउने कार्य भएको छ ।

७. गाउँपालिका खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन निर्देशिका, २०७७ अनुसार गाउँपालिका स्तरिय उपभोक्ता समिति सञ्जाल पुर्न गठन गरी गठित सञ्जालका पदाधिकारीहरुलाई २ दिने दिगो खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्वन्धि तालिम सन्चालन गरी सम्पन्न भई सकेको छ ।

## कृषि क्षेत्र तर्फ

१. ८०% अनुदानमा बेमौसमी तरकारी उन्नत वीउ वितरण कार्यक्रम अन्तर्गत २९२ जना किसानहरुले सेवा लिई ४ हेक्टर जमिनमा उन्नत जातको तरकारीको वीउविजन वितरण गरी उत्पादनमा बृद्धि भएकोछ ।

२. ९०% अनुदानमा व्यावसायिक किसानहरुलाई सिलपोलिन प्लाष्टिक वितरण गर्नको लागि खरिद प्रकिया भई वितरण गर्ने चरणमा रहेकोछ ।

३. ८०% अनुदानमा अदुवा र बेसार खरिद वितरण कार्यक्रम अन्तर्गत आवेदन अनुसार ५ कून्टल बेसार र ५ कुन्टल अदुवा ९ रोपनी जमिनमा ढाकेको र ४० जना किसानहरुलाई वितरण गरियो ।

४. ८०% अनुदानमा बर्खे सुन्तला, कागती, मौसमी र अनारका फलफूलको वोटविरुवाहरु ५९ जना किसानहरुलाई वितरण गरियो ।

५. ८०% अनुदानमा हिउँदे फलफूल ओखर र स्याउको वोटविरुवाहरु १२ जना किसानहरुलाई वितरण गरियो ।

६. बाली संरक्षण आकस्मिक सेवा तथा अमेरिकन फौजी किरा नियन्त्रण गर्नको लागि बिषादी खरिद वितरण गरियो।

७. च्याउ खेती सम्बन्धी व्यावसायिक कृषकहरुलाई गाउँपालिका स्तरीय तालिममा २४ जना किसानहरुलाई तालिम दिई ज्ञान सिप प्रदान गरेको छ ।

८. संघ र प्रदेशको साना सिचाई निमार्ण कार्यक्रम वाट १३ योजना वटा साना सिचाई योजनाहरु निर्माण सम्पन्न भएका छन् ।

९. सर्शत अनुदान तर्फ ६ कुन्टल गहुँको वीउ किसानहरुलाई वितरण भएकोछ ।

**१०.** किसान सुचिकरण अन्तर्गत गणक छनौट गरी कृषक गणक मार्फत काम सम्पन्न भएकोछ ।

**११.** किसानहरुलाई अन्य कृषि समाग्रीहरु वितरण गरियो।

## पशु क्षेत्र तर्फ

१. आन्तरिक बाह्रय परजीबी बिरुद्र लगायत अन्य औषधीहरु यस शिबनाथ गा. पा को पशु सेवा शाखाबाट ६ वटा वडाहरुमा १०००० वटा बाखा्रहरुमा र २०० वटा भैसीहरुमा र ४०० वटा गोरुहरुमा ५० वटा गाईहरुमा लगायत अन्य पशपन्छीहरुमा समेत औषधी उपचार गरिएको छ ।

२. पशुपन्छीहरुलाई मिनिरल ब्लक र मिनिरल पाउडर बितरण गरिएको छ ।

३. बाख्रापालन, कुखुरापालन,बगुँरपालन खोर सुधार ५० प्रतिशत अनुदानमा काम भएकोछ । जस्तैः- बाखापालन खोर सुधार सख्याँमा ७ वटा फर्म, कुखुरापालन खोर सुधार सख्याँमा ५ वटा फर्म र बगुँरपालन खोर सुधार सख्याँमा २ वटा फर्म

४. प्रदेश सरकारको सर्सत बजेटबाट यस शिबनाथ गा.पा.वडा नं २ लेदा टोलमा रहेको श्री प्रगतिशील कृषक समुहका १० वटा सदस्यहरुलाई पकेट क्षेत्रमा गोठ सुधार कार्यक्रम निर्माण सम्पन्न भएको छ ।

५. शिबनाथ गा.पा. का बिभिन्न बस्तीहरुमा फैलिएको महामारी रोग नियन्त्रण गर्नका लागि औषधी उपचार रोकथाम यस कार्यालयबाट नियमितरुपमा भएको अबगतनै छ ।

## पर्यटन क्षेत्र तर्फ

१. शिवनाथ मन्दिरको गुरु योजना तयार गरी गुरु योजनाले औल्याएका निर्माण कार्य ४ वटा गेट, पदमार्ग निर्माण सम्पन्न भएका छन भने एतिहासिक शर्माली गढीको गुरु योजना तयार गर्ने काम सम्पन्न भई नेपाली सेनाको सहयोगमा गढी किल्लाको संरक्षण गर्ने कार्यको आरम्भ भएकोछ ।

२. पुरातात्विक सम्पदा संरक्षण अन्तर्गत शिवनाथ २ शर्मोलि खलंगामा रहेको प्राचिन अमरगढी किल्ला जिर्णोउद्धार गरी सञ्चालनमा ल्याउनका निमित्त आफनै स्रोत साधनबाट घेबार निर्माण, गेट निर्माण लगायत संरचना निर्माण गरी थप आवश्यक संरक्षणका लागि विभिन्न निकायहरु सँग पहल भईरहेको छ ।

३. धार्मिक पर्यटन तर्फ गाउँपालिकाभित्र रहेका मुख्य मुख्य मन्दिरहरु शिवनाथ मन्दिर, उदयदेव मन्दिर खोलाकेदार मन्दिर लगायतका मन्दिरहरुमा मन्दिर निर्माण, पुनर्निर्माण, घेरबार जस्ता संरचनाहरु निर्माण गरीएको। यसमा मुख्य गरी शिवनाथ र अन्य मन्दिर हरुमा आवश्यकता अनुसार ६ वटा मन्दिर र सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गरिएको छ ।

## झोलुङ्गे पुल क्षेत्र तर्फ

१. शिवनाथ गाउँपालिका वडा नं. १ मटेला खोला र वडा नं. ६ गनागाड झो. पू. निर्माण सम्पन्न भएको छ।

## दलित तथा महिला क्षेत्र तर्फ

१. दलित तथा महिलाहरुको माग सम्वोधन एंव समस्या समाधान गर्न पालिका स्तरीय दलित संजाल र महिला संजाल गठन गरी माग सम्वोधन गरीएकोछ, साथै दलित र महिलाको आय आर्जनमा बृद्धि गर्न विभिन्न सामाग्रीहरुमा (सिलाई कटाई मसिन तथा आरन सुधार) वितरण गरिएकाछन ।

## महिला, बालबालिका तथा जेष्ट नागरिक क्षेत्र तर्फ

१. आर्थिक वर्ष २०८०/०८१ मा जिल्ला अस्पताल बैतडी तथा अन्य सरकारी अस्पतालहरुबाट यस गाउँपालिकाका अपाङ्गता पहिचान गरीएका जम्मा संख्या २० जना मध्ये ख वर्गका ६, ग वर्गका ३ र घ वर्गका ११ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ।

## पोषण तर्फ

१. पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देक समिति क्रियाशिल रहेको छ । साथै प्रत्येक वडाहरुमा समेत वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देक समिति क्रियाशिल रहेको छ ।

२. बहुक्षेत्रीय पोषण योजना अन्रतगत पोषणमैत्री स्थानिय शाशन अबलम्बन गर्न पोषणमैत्री नमुना टोल बनाउन अभियानको सुरुवात गरेको छ साथै प्रत्येकस्वास्थ संस्थालाई पोषणमैत्री स्वास्थ संस्था बनाउने अभियानमा जुटेको छ ।

३. बहुक्षेत्रीय पोषण योजना अन्तगत पोषणमैत्री स्थानिय शाशन अबलम्बन गर्न पोषणमैत्री स्थानीय तहले पार गर्नुपर्ने सुचकहरु तथा पालिकाले पार गरेका सुचकहरु समावेश गरेर पोषणमैत्री स्थानिय शाशन स्थितिपत्र तथा पोषण पाश्र्वचित्र तयार गरेको छ ।

४. विधालय खानेपानी सुधार योजना अन्तगत शिवनाथ २ को सिद्धनाथ आ.वि.मा विधालय खानेपानी योजनाको निर्माण भएको छ ।

५. सुनौलो हजार दिनका आमा तथा विपन्न घरपरिवारका सदस्यहरुलाई अनुदान हस्तान्तरण गरी स साना व्यवसाय सञ्चालन गर्नमा सहयोग पुगाएको छ ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्द्धिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीका लागि बिषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लछित र सम्बेनशील निकायहरु सँग क्रियाकलापहरु संचालन गरिदै आएको छ ।

७. नेपालका महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदेश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस शिवनाथ गा.पा. ले उच्च प्राथमिकतामा राखेर सञ्चालन गरिरहेको छ ।

८. सुनौला हजार दिनका महिला, किशोरी , बालबालिकाहरुलाई समावेश गरी बिषयगत शाखाहरुले पोषण लक्षित कार्यक्रमहरु सञ्चालन गरेको छ ।

**सुशासन तथा संस्थागत विकास ९ कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी**

१. गाउँपालिकाले १३ वटा ऐन, ५ वटा नियमावली, ३५ कार्यविधि तथा मापदण्ड र ६ निर्देशिका र विधेयक ५ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

२. गाउँपालिकापालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याईएकोछ ।

३. यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** मा ७७.७५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम पूल्याङ्कन **(FRA)** मा ८५.५ अंक प्राप्त गरेकोछ ।

४. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ ।

५. आर्थिक कारोबारलाई पारदर्शि र मितव्यई बनाउन पूर्ण रुपमा विद्युतिय भुक्तानी **(EFT)** प्रणाली लागु गरिईएको छ ।

६. गाउँपालिका, वडा कार्यालयहरुमा छिटो, छरितो, पारदर्शी र प्रविधिमैत्रि बनाउन **IPS (Internet Service Provider)** जडान गरी इन्टरनेट सेवा सञ्चालनमा ल्याईएकोछ ।

७. राजश्वा व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउन **Online** भुक्तानी पोर्टल सेवा सञ्चालन गरिईएकोछ ।

८. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन ई-पालिका सम्बन्धित सफ्टवेयर र योजना व्यवस्थापन प्रणाली सम्पन्न गरिएको छ ।

## उद्योम विकास (मेड्पा कार्यक्रम) तर्फ

१. आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ६० जना नयाँ लघु उद्यमी सिर्जना गरिका छन ।

२. जसमध्ये वडा नं. १ मा १५ जना सिनके धुप र १५ जनालाई दालमोठ, नमकिन तथा आलु चिप्स तालिम गरी जम्मा ३० जनालाई तालिम संचालन गरेकाछौं ।

३. वडा नं. ३ मा १५ जना सिनके धुप र १५ जनालाई दालमोठ, नमकिन तथा आलु चिप्स तालिम गरी जम्मा ३० जनालाई तालिम संचालन भई सकेको छ ।

४. स्तरोन्नती तर्फ वडा नं. ५ का १५ जना पुराना उद्यमिहरुलाई सिलाई कटाई तालिम संचालन भई सकेको छ ।

## पञ्चिकरण तथा समाजिक सुरक्षा शाखा तर्फ

१. घटना दर्ता कार्यलाई **Online** मार्फत दर्ता गराउने कार्यकासाथै सम्पूर्ण वडाहरुका प्रशासनिक कामहरु लाई **Digitalization** का माध्मबाट गर्ने  कुरा सम्पन्न गरिईएकोछ।

२. शिवनाथ गाउँपालिकाको ६ वटै वडाका बिभिन्न टोलहरुमा गई घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण गरिईएकोछ।

३. आर्थिक वर्ष २०८०/०८१ मा ६४० जनाको जन्म दर्ता, १३६ जनाको मृत्यू दर्ता, सम्बन्ध बिच्छेद दर्ता ०, विवाह दर्ता १४३, बसाई सरी आएको दर्ता संख्या ८, बसाई सरी जानेको दर्ता संख्या १०४ रहेकोछ ।

४. सामाजिक सुरक्षा भत्ता घुम्ति शिविर मार्फत ९०० जेष्ट नागरिकहरुले टोलमै भत्ता उपलब्ध गराईएकोछ ।

५. सामाजिका सुरक्षा भत्ता प्राप्त गर्ने नयाँ ४५० जना लाभग्राहीलाई २०८०/०८१ मा समाजिका सुरक्षा पोर्टलमा प्रविष्ट गरिईएको छ ।

## रोजगार सेवा केन्द्र तर्फ

१. चालू आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय तहको लागत साझेदारीमा रोजगार सेवा केन्द्र मार्फत १२ वटा विकास निर्माणका योजनाहरुमा, रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका १४१९ जना बेरोजगार व्यक्तिहरुमध्ये ८२ जना बेरोजगार

व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गरी रोजगारमा संलग्न व्यक्तिहरुको ज्याला बैङ्क खातामा (EFT) मार्फत पारिश्रमिक भुक्तानी गरिएको छ।

२. वैदेशिक रोजगारीको क्रममा मेलेसीया, दुवै, साउदी लगायत विभिन्न गन्तव्य मुलुकहरुमा जाने व्यक्तिहरुलाई नयाँ श्रम स्वीकृति र पुनःश्रम स्वीकृति/श्रम स्वीकृति नवीकरण गरी, श्रम स्वीकृति प्रदान गर्ने कार्य चालू आर्थिक वर्ष देखि निरन्तर रुपमा रोजगार सेवा केन्द्रबाट हुँदै आएको छ।

३. यस शिवनाथ गाउँपालिकाको ५ वर्षे रोजगार रणनीति निर्माणका साथै रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ जारी भएकोछ ।

## विविध तर्फ

१. कमजोर आर्थिक अवस्था भएका दिर्घ रोगी र विपदको जोखिममा रहेका परिवरलाई कार्यविधि अनुसार निबेदनका आधारमा राहत तथा आर्थिक सहयोग उपलव्ध गराइएको छ ।

२. प्राविधिक शिक्षा हासिल गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई प्राविधिक छात्रवृत्ति उपलव्ध गराईएकोछ ।

३. आर्थिक वर्ष २०८०/०८१ मा न्यायीक समिति मार्फत गाउँपालिका भित्र जम्मा मुद्दा संख्या १४ वटा जस अन्तर्गत उजुरी संख्या ७, मिलापत्र मुद्दाहरुको संख्या ६ र मेलमिलाप हुन बाकीं रहेको संख्या १ छ।

४. न्यायीक समितिले वडा नं. १ देखि वडा नं. ६ सम्म १८ जना मेलमिलाप कर्ता गठन साथै कानुनी अभिमुखिकरण कार्य सम्पन्न गरिईएकोछ ।

६. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAMS** को पूर्ण रुपमा कार्यान्वयन गरिईएकोछ ।

७. आगामि ४ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिका भित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएईकोछ ।

८. विपद र विपन्नजन्य घटनामा परेका १५९ घरपरिवारलाई राहत उपलब्ध गराईएकोछ ।

९. विपद पूर्व तयारीको लागि आवश्यक सामाग्रीको खरिद गरी तयारी अवस्थामा राखिईएकोछ । ।

१०. आपतकालिन केन्द्र संचालनमा आवश्क पहल गरिईएकोछ ।

**सभाका सदस्य महोदय,**

**अब म अगामि आर्थिक वर्ष २०८१/०८२ मा शिवनाथ गाउँपालिकाले अवलम्वन गर्ने निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

*"सीप युक्त शिक्षा, उत्पादनमुलक रोजगार, गुणस्तरीय स्वास्थ्य हामि सबैको सरोकार"*

नेपालको संविधान २०७२ बमोजिम विद्यमान संघीय ऐन तथा कानुन, प्रदेश ऐन कानुनसंग नबाझिने गरी स्थानीय तहलाई आवश्यक पर्ने संविधानको अनुसूची ८ बमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

## क्षेत्रगत नीति तथा कार्यक्रमः-

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा तर्फ

१. शिवनाथ गाउँपालिका भित्र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि एक अभियानका रुपमा *(Misson Bounce Back-२०८१)* ब्यापक रुपमा चलाईनेछ र समग्र शैक्षिक सुधारमा युगान्तकारी पहलका रुपमा यो अभियानले समग्र क्षेत्र समेटने नीति लिईनेछ।

२. उपरोक्त मिसन अन्तर्गत गुणस्तरीय शिक्षा प्राप्तिको अधिकार प्रत्येक वालवालिकालाई हुने तथा एक गुणस्तरीय शिक्षाको प्रत्याभूती एक गुणस्तरीय शिक्षकबाट मात्र सम्भव हुने भएकाले पहिलो कदमका रुपमा विषयगत रुपमा सक्षम शिक्षकको सुनिश्चितताका लागि शैक्षिक क्षेत्रमा तलिम/पूर्नताजगी पहल चालिने नीति लिईनेछ।

३. जबसम्म सबल शिक्षक उत्पादन हुँदैनन् तबसम्म वालवालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्दैनन् भन्ने अभिप्रायले शिक्षकको पढाउने शैलीलाई सिकाउने शैलीमा रुपान्तरण गर्दै तथा शैक्षिक सामग्रीको बढीभन्दा बढी प्रयोग र व्याख्या विधि प्रतिस्थापन गर्न एवम् परिवर्तन कक्षाकोठाबाटै खोज्न कक्षाकोठाको शिक्षणलाई प्रभावकारी बनाइने नीति लिईनेछ ।

४. समग्र शैक्षिक गतिविधिहरुको केन्द्रबिन्दु विद्यार्थीलाई मानेर मात्र शिक्षाका हरेक कार्यक्रमहरु सञ्चालन गर्ने तथा गुणस्तरीय शिक्षा प्रबर्द्धनमा शिवनाथ गाउँपालिका शिक्षा,युवा तथा खेलकूद शाखालाई थप मानवीय जनशक्ति सहित साधन,स्रोत र सुविधा सम्पन्न बनाईनेछ।

५. विद्यालयमा गाउँपालिकाका जनप्रतिनिधिहरु/कर्मचारीबाट समय समयमा नियमित अनुगमन र निरीक्षण गर्ने कार्य बर्षभरी एक चक्र (**Cycle**) का रुपमा चलाइने नीति लिईनेछ।

६. शिक्षकको पढाउने शैलीमा परिवर्तन ल्याउन तथा निजलाई आफ्नो कार्यप्रति थप जवाफदेही र उत्तरदायी वनाउन प्रत्येक शिक्षकलाई एक–एक वटा **शिक्षक डायरी (Teacher Diary)** उपलब्ध गराउने र सोको प्रभावकारी प्रयोगको लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापकबाट नियमित रुपमा अनुगमन गर्ने र पालिकाबाट समेत सोको अनुगमन हुने गरी नियमित निगरानी गरिने नीति लिईने छ।

७. गाउँपालिका भरीका विद्यालयहरुमा हाल जटिल रुपमा देखिएको शिक्षक व्यवस्थापन सम्बन्धी कार्यलाई मूर्तरुप दिन गाउँ शिक्षा योजना कार्यदलले दिएको सुझावलाई कार्यान्वयन गर्ने गरि शिक्षामा आमूल परिवर्तनकारी र ऐतिहासिक पहल चालिनेछ।

८. शिक्षामा परिवर्तनको लहरलाई आत्मसात गर्दै हाल यस पालिकाका विद्यालयहरुमा देखिएको मुख्य शैक्षिक समस्या समाधान गर्न र सबैको हातेमालोमा शैक्षिक क्षेत्रको सुधार सम्भव गर्न तथा समृद्ध शिवनाथ निर्माणका लागि **हाम्रो शिवनाथ हामी बनाउछौं** भन्ने अभिप्रायले एक शैक्षिक सुधार तथा व्यवस्थापन कार्यविधि मार्फत बैज्ञानिक रुपले शिक्षक र विद्यालय व्यवस्थापन गरिने नीति लिईने छ।

९. स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्म लागू भईसकेको परिप्रेक्ष्यमा पाठ्यपुस्तक लेखनतर्फ बिषय विज्ञ र अनुभवी शैक्षिक प्रबुद्धव ब्यक्तित्व लगायतको सहभागितामा कक्षा १–८ को पाठ्यपुस्तक लेखन र प्रबोधीकरण गर्ने नीति लिईने छ।

१०. आधारभूत तह कक्षा ८ को बार्षिक परीक्षा पालिकास्तरमा परीक्षा केन्द्र तोकेर तथा अनुगमन समिति निर्माण गरेर सञ्चालन गरिनेछ तथा शिक्षकको प्रश्नपत्र निर्माणको क्षमता विकासका लागि कार्यशाला सञ्चालन समेत गरिनेछ।

११. प्रत्येक विषय,तह र प्रकारका शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम,एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम, ICT सम्बन्धी तालिम,विभिन्न विषयको तालिम तथा क्षमता विकासका कार्यक्रमहरु शैक्षिक सत्रभरी नियमित रुपमा सञ्चालन गरिनेछ।

१२. शैक्षिक क्षति न्यूनीकरण गर्न आधारभूत तहको कक्षा १ देखि ३ सम्ममा पुर्णतःविद्यार्थी कार्यसञ्चिकाको प्रयोग तथा कक्षा ४–८ मा विद्यालयस्तरीय परीक्षाको ब्यवस्थापन गरिनेछ र लेटर ग्रेडिङ निर्देशिकाको पूर्णतःकार्यान्वयन गरिनेछ।

१३. सबै बालबालिकाहरुलाई समयमै हात हातमा पाठ्यपुस्तक पुर्याइनुका साथै छात्रबृत्ती समेत समयमै वितरण गरिनेछ र शैक्षिक सेवा प्रवाहमा सर्वसुलभ सेवा प्रवाहमा बिशेष जोड दिइनेछ।

१४. प्रत्येक विद्यालयमा बर्षको २ पटक अभिभावक भेला,प्रत्येक विद्यालयले बार्षिकोत्सव मनाउने तथा प्रत्येक शुक्रबार हरेक विद्यालयले पृथक विधाहरुमा अतिरिक्त क्रियाकलाप गर्ने गराउने र सोको ब्यवस्थित अभिलेख राख्ने तथा सोको लेखाजोखा पालिकाबाट राखिनेछ।

१५. अध्यक्षसित विद्यार्थी, अभिभावक कार्यक्रम मार्फत थप शैक्षिक क्षेत्रमा उन्नयनका लागि एक नयाँ कार्यक्रमका साथ शिक्षक,अभिभावक र विद्यार्थी जोडने पुलका रुपमा बिशेष अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१६. विद्यार्थीहरुको प्रतिभा उजागरका लागि पालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन तथा उत्कृष्ट हुने विद्यार्थीहरुलाई सम्मान समेत गरिनेछ।

१७. खेलकूदमा उत्कृष्ट हुने खेलाडी प्रतिभालाई थप हौसला प्रदान गर्न पालिकाबाट जिल्ला,प्रदेश र राष्ट्रिय स्तरमै खेल खेल्न प्रोत्साहन गरिनेछ।

१८. सामुदायिक अध्ययन केन्द्रलाई सोको कार्यविधि बमोजिम प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ।

१९. सुचना तथा सञ्चार प्रविधिको पहुँच र सुविधा पुगेका विद्यालयहरुमा अधिकतम रुपमा सुचना तथा सञ्चार प्रविधिका साधनहरु प्रयोग गरी विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गर्दै समयानुकूल र गुणस्तरिय शिक्षाको प्रवर्धन गरिनेछ।

२०. विद्यार्थीहरुको पढ्ने बानीको बिकास गर्न तथा पठनपाठनमा सुधार ल्याउन अभिभावकहरुबाट आफ्ना नानीबाबुहरुलाई नियमित रुपमा विद्यालय पठाउने र गृहकार्यको अनिवार्यता सहित बिहान साँझ उनीहरुको पढाइको निगरानी नियमित रुपमा गर्ने गरी प्रतिबद्धता गराईनेछ।

२१. शिक्षाका महत्वपुर्ण बिषयहरुमा छलफल तथा प्रगति समीक्षा गर्न नियमितरुपमा पालिका स्तरमा समयसमयमा बस्ने प्रधानाध्यापक बैठकमा सहभागीलाई थप प्रभावकारी बनाईनेछ ।

२२. शिक्षा क्षेत्रमा भित्रिएका नविनतम् प्रविधिको उच्चतम उपयोग गरी संचार तथा सुचना प्रविधिको सञ्जाल मार्फत सम्पर्क स्थापित गरिनेछ।

२३. विद्यार्थी भर्ना कार्यक्रमलाइ शैक्षिक सत्र सूरु हुनु भन्दा एक महिना पहिले देखी नै प्रभावकारी रुपमा संचालन गरिनेछ तथा सो अवसरमा पालिकाको तर्फबाट प्रत्येक विद्यालयमा पुगी आमभेला बोलाई प्रत्येक अभिभावकले आफ्ना वालवालिकाहरु विद्यालयमा भर्ना गरेको सुनिश्चित गर्ने।

२४. वालविकास केन्द्रहरुमा न्युनतम भौतिक पुर्वाधार सहित सोका सहजकर्तालाई बर्षमा कम्तीमा एकपटक सोको पाठ्यक्रमबारे तालिम र क्षमता विकासको अवसर प्रदान गरिनेछ।

२५. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको क्षमता विकासका लागि तालिम प्रदान गरिनुका साथै विद्यालयको विकासप्रति उत्तरदायी समेत बनाइनेछ।

२६. विद्यालय एक औपचारिक संस्था भएकाले शिक्षक र विद्यार्थीहरु नियमित पोषाकमा र समयमै विद्यालयमा उपस्थित हुने तथा विद्यालय हाताभित्र र बाहिर विद्यालय समयमा अमर्यादित कामहरु हुन दिईने छैन तथा गर्नेलाई कानून अनुसार कारवाही गरिनेछ ।

२७. विद्यालयहरुमा मोबाइल फोनको अनावश्यक प्रयोगको अवस्था अन्त्य गर्दै मोबाइल फोनको प्रयोगबारे बिशेष आचारसंहिता बनाइ पालिकाभरी लागू गरिनेछ।

२८. विज्ञान प्रयोगशालाको पहुँचमा पुगेका विद्यालयहरुमा उक्त विषय शिक्षणताका सम्बन्धित प्रयोगशालाका सामग्रीको अधिकतम प्रयोग,प्रत्येक विद्यार्थीलाई विज्ञानको छुट्टै प्रयोगात्मक अभ्यास पुस्तिका तथा सुरक्षाकालागि आचारसंहित बनाइ पालिका भरी एकरुपता हुनेगरी लागू गरिनेछ।

२९. पुस्तकालयको पहुँचमा पुगेका विद्यालयहरुमा पुस्तकालय कार्डको प्रयोग,प्रत्येक विद्यार्थीलाई पुस्तकको उपलब्धता र सुरक्षित प्रयोग तथा आचारसंहित बनाइ पालिका भरी एकरुपता हुनेगरी लागू गरिनेछ।

३०. प्रत्येक शिक्षकलाई परिचय पत्र तथा विद्यार्थीलाई परिचय पत्र अनिवार्य गराइनुका साथै विद्यालयलाई शैक्षिक मन्दिरका रुपमा विकास गरिनेछ।

३१. विद्यालयमा जकं फुड निषेध गराउनुका साथै दिवा खाजालाई थप नियमित र ब्यवस्थित तरिकाले निरन्तरता दिईनेछ।

३२. बिद्यार्थी संख्या न्यून भएका विद्यालयहरुमा बहुकक्षा शिक्षण पद्धतिबाट अध्ययन गर्ने बातावरणको सृजना गर्दै नजिकको विद्यालयमा विद्यालय मर्ज गर्ने रणनीति लिईनेछ ।

३३. शिवनाथ गाउँपालिकामा रहेको एक मात्र क्याम्पशलाई थप व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

३४. आवासिय विद्यालय र प्राविधिक विद्यालयलाई थप सुद्धढिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

३५. शिवनाथ गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा स्काउटिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

## संस्कृति तर्फ

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिईनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिईनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने मेला, महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## युवा तथा खेलकुद तर्फ

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिईनेछ।
२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिईनेछ।
३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिईनेछ।
५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराईनेछ।
६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिईनेछ।
७. "एक वडा, एक खेलमैदान" को नीतिलाई निरन्तरता दिईनेछ ।
८. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिईनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिईनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिईनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिईनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिईनेछ।
५. अपाङ्गता सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिईनेछ।
८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिईनेछ।
९. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिईनेछ।

११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिईनेछ।

१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१३. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिईनेछ।

१४. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिईनेछ।

## स्वास्थ्य तर्फ

१. गाउँपालिकाको पहलमा पूर्ण संस्थागत सुत्केरी गाउँपालिका र ० होम डिलेभरी गराउन ६ वटै वडा भित्र दक्ष जनशक्ति सहितको प्रविधिक सेवा उपलव्ध गराई १८ वटा सुरक्षित प्रसुति केन्द्र स्थापना गरीएकोछ, साथै गर्भवतिलाई कोशेली कार्यक्रम सञ्चालन गरि पालिका भित्रका ६ वटै वडा लाइ पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गर्ने लक्ष राखिएकोछ।

२. आगामी आ.व. भित्र नै सम्पुर्ण स्वास्थ्य सस्था तथा बर्थिङ्ग सेन्टरहरुमा उर्जाको ब्यवस्थापनको लागी बिद्युत जडान गरिने छ ।

३. खोंप सेवा लाई ब्यवस्थित गर्न ६वटै वडामा डोमेस्टिक फ्रिजको ब्यवस्था तथा गाउँपालिकामा आई एल आर फ्रिजको ब्यवस्था गरिईएकोछ ।

४. स्वास्थ्य सेवा ब्यवस्थापन तथा सूचना प्रणालीलाई ब्यवस्थापन गर्न ७ वटै स्वास्थ्य सस्थाहरुमा ल्याप्टप,प्रिन्टर तथा ईन्टरनेटको ब्यवस्था गरिएकोछ र आवश्यक तालिम सबै स्वास्थ्य संस्था प्रमुखलाई उपलब्ध गराइनेछ ।

५. गर्भवतीलाई घरमै अथवा टोलमै सेवा उपलव्ध गराउने उदेश्यले घुम्ति सेवा मार्फत भिडियो एक्सरे सेवा संचालनमा आएकोछ ।साथै यस सेवा लाई थप ब्यवस्थित गर्न आवश्यक वजेटको ब्यवस्थापन गरिने छ ।

६. पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन समय समयमा शिबिर संचालन गरिएको छ।

७. दिर्घकालिन रोगहरु जस्तै क्षय, कुष्ठ न्यूनिकरण अभियानको लागी घरधुरि स्वास्थ्य परीक्षणको ब्यवस्था गरिने छ ।

८. पुर्णखोप वडा तथा पालिका घोषणा तथा दिगोपना कार्यक्रमलाई निरन्त्ररता दिईने छ ।

९. शिवनाथ वडा नं. २, शर्मालीमा रहेको आर्युवेदीक आरोग्य केन्द्रलाई निरन्तरता दिईनेछ ।

१०.च्यारिटि हेल्थ फाउन्डेसनको प्राबिदिक सहयोगामा शिवनाथ बाषिहरुको आखा सम्वन्धि समस्याहरुलाई समयमै पहिचान गरि निवारण गर्न शिवनाथ आखा उपचार केन्द्र स्थापना गरि

संचालनका लागी निरन्त्रता दिईने छ ।साथै प्रत्येक वर्षको २ पटक आँखा शिविर सञ्चालन गरिनेछ ।

११.पोषण मैत्रि पालिका तथा कुपोषण लाई न्युनीकरण गर्न आगामी आ व देखी प्रतेक स्वास्थ्य सस्थामा वा टि.सी. स्थापना गरिनेछ ।साथै पोषणमैत्री स्वास्थ्य सस्था घोषणा लाई निरन्त्ररता दिईनेछ ।

१२.स्वास्थ्य सस्थाहरुको न्युनतम सेवा मापदण्ड सुधारका लागि आवश्यक वजेटको ब्यवस्था गरिने छ ।

१३.नवजात शिशु तथा मातृ मुर्त्यु न्यूनिकरण लागि पि ए न सी होम भिजिट कार्यक्रम लाई निरन्त्रता दिईने छ ।

१४.जेष्ठ नागरिक हरुको स्वास्थ्य सेवामा पहुच पुर्याउन अध्यक्षको घरदैलो स्वास्थ्य चेकजाच अभियान संचानमा ल्याईने छ ।

१५.सामुदायीक महिला स्वास्थ्य स्वयं सेविकाहरुले पाउने यातायात,पोषाक,तथा उत्प्रेरणा खर्च स्वास्थ्य मन्त्रालयले कटौति गरेकाले त्यसका लागि आवश्यक वजेट ब्यवस्था गरिने छ ।साथै समपुर्ण सामुदायीक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान गरिने छ ।

१६.शुन्य होम डेलिभरि कायम राख्न स्वास्थ्य सस्थाको पहुच भन्दा टाढा रहेका टोल बस्तिकाका लागि निशुल्क एम्बुलेन्सको ब्यवस्था गराईएकाले त्यसलाई निरन्त्ररता दिईने छ ।

१७.स्वास्थकर्मीको उच्च मुल्याङ्कन गरी उतकृष्ठ स्वास्थ्यकर्मी छनोट गरी ससम्मान गरिने छ।

१८.कीट जन्यरोगलाई न्युनिकरणका लागी गर्भवतीलाई किटनासक झुलवितरण तथा शिबिर संचालन गरिने छ।

१९.छ वटै वडाहरुमा ५ वटै परिवार नियोजनका साधनहरुको सेवा प्रदान गर्न तालम प्राप्त स्वास्थ्यकर्मीको ब्यवस्था गरी सस्थाहरु सुचिकृत गरिने छ ।

२०.सम्पुर्ण महिलाहरुको प्रजनन अधिकार लाई मध्यनजर गर्दै ६ वटै वडामा तालिम प्राप्त स्वास्थ्यकर्मी हरु बाट सुरक्षित गर्भपतन सेवा सुचारु तथा सस्था सुचिकृत गरिनेछ ।

२१.स्वास्थ्य संस्थामा टेलिहेल्थको प्रयोग गरी मातृतथा नवजात शिशुको स्वास्थ्य सेवाको गुणस्तरमा सधार गर्न मातृतथा नवजात शिशुको जीवनयापनमा वृद्धि गर्न कम्तीमापनि ३ वटा स्वास्थ्य सस्था बाट स्मार्ट हेल्थ कार्यक्रम पाईलटिङको रुपमा संचालन गरिने छ।

२२.सरुवा रोगहरुको नियन्त्रण तथा रोकथामका लागि स्याम्पल परिक्षणको दायरा बढाउन स्वास्थ्य सस्थाहरुमा ल्याबसेवा बिस्तार गरिने छ ।

२३. गाउँपालिका केन्द्रमा निर्माणाधिन १० शैयाको अस्पताललाई आगामी आ.व. भित्र निर्माण सम्पन्न गर्ने गरी सम्बन्धित निर्माण व्यवसायी र विषयगत मन्त्रालयसंग विशेष पहल गरिनेछ ।

२४. चौविसै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

*१. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वियनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिईनेछन ।*

*२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।*

*२. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।*

## उद्योग तथा पर्यटन तर्फ

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

५. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिईनेछ।

७. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिईनेछ।
८. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिईनेछ।
९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिईनेछ।
१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिईनेछ।

## सहकारी तर्फ

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइनेछ।
३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिईनेछ।

## सूचना तथा संचार तर्फ

१. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. स्थानीय एफ.एम. र रेडीयोसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" प्रसारण कार्यक्रम सञ्चालन गरिईनेछ ।
३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिईनेछ।
४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालिकालाई सूचनामैत्रि बनाइनेछ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन तर्फ

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिईनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिईनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिईनेछ।
५. मेलमिलाप कर्तालाई थप तालिम दिई मेलमिलाप केन्द्रको स्थापना गरिईनेछ।
६. न्यायीक समिति तथा गाउँपालिकालाई आवश्यक कानुनी सल्लाहकारलाई निरन्तरता दिइनेछ ।

## सुशासन सार्वजनिक सेवा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
२. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिईनेछ ।
३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिईनेछ ।
४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिईनेछ ।
६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “हाम्रो गाउँपालिका” नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिकाको प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिईनेछ।

११. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिईनेछ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिईनेछ।

१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिईनेछ।

## वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### खानेपानी तथा सरसफाई तर्फ

१. खानेपानीको गाउँपालिका स्तरमा खानेपानी परिक्षण गर्नका लागी पानी परिक्षण प्रयोगशाला स्थापना गरी सञ्चालन गरिने छ।

२. शिवनाथ गाउँपालिकाको जलस्रोत नियमावली, २०७५ अनुसार गाउँपालिका भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जलस्रोत समितिमा अनिवार्य रुपमा दर्ता र नविकरण गराई दर्ता प्रमाण पत्र वितरण गर्ने ।

३. शिवनाथ गाउँपालिकाको वास प्लान अध्याबधिक गरी तयार गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी वास प्लान तयार गरिने छ ।

४. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा पूर्ण सरसफाई र तीन तारा अभिबृद्धि सम्बन्धि तालिम सञ्चालन गरी विद्यालयको तारा अभिबृद्धि गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गराइने छ ।

५. वडा स्तरमा पुर्ण सरसफाइका कृयाकलापहरु सञ्चालनका लागी अभिप्रेरित गर्न वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति क्षमता विकासका कृयाकलाप सञ्चालन गरिने छ।

६. गाउँपालिका खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन निर्देशिका, २०७७ अनुसार पुर्न गठित गाउँपालिका स्तरिय उपभोक्ता समिति सञ्चालका पदाधिकारीहरुलाई दिगो खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्वन्धि क्षमता अभिबृद्धि गराउने छ।

८. महिनारी स्वच्छता व्यवस्थापन र स्वास्थ्य सरसफाइ सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी आम जनसमुदायको चेतनास्तर अभिबृद्धि सम्बन्धित सरोकारवालहरुसँग सहकार्य गर्ने ।

९. स्व्च्छ खानेपानिमा सबैको पहुँच पुर्याउँने निति अवलम्बन गरिनेछ ।

१०. पानि मुहानहरुको रिचार्ज गर्ने एवंम परम्परागत नाउला, कुवा, पौवा हरुको संरक्षण गरिनेछ ।

११. यस गाउँपालिका भित्र बढिरहेको बजारिकरणबाट सिर्जित फोहर लाई व्यबस्थित गर्न प्रत्येक बजारहरुमा बजार व्यवस्थापन समितिहरु गठन गरी समिति मार्फत नै फोहर व्यबस्थापन गरिनेछ ।

१२. गाँपालिकामा हाल सञ्चालित खानेपानि आयोजनाहरु र नयाँ निर्माण हुने आयोजनाहरुको पानि गुणस्तर चेकजाच गर्न पानि परिक्षण ल्याब स्थापना गरी कम्तिमा पनि वर्षमा १ पटक अनिवार्य पानि परिक्षण गर्ने निति अपनाईनेछ ।

१३. गाउँपालिका भित्र रहेका सम्पुर्ण टोल वस्ती तथा मूख्य बजार क्षेत्रहरुलाई ध्यानमा राखी निकट भबिश्यमै फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल साईट बनाउने तर्फ उपयुक्त ठाउँको पहिचान गरी निर्माण सुरु गरिनेछ ।

१४. यस आ.व. मा विस्तृत अध्ययन भई लागत तयार भएको महाकालि देखि शर्मालीगढी लिफ्ट खानेपानि योजना निर्माणलाई अघी सार्न प्राथमिकताका साथ विभिन्न निकायहरु सँग पहल एवंम् समन्वय गरिनेछ ।

## <u>वातावरण, जलवायु परिवर्तन तर्फ</u>

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिईनेछ।पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिईनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिईनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिईनेछ ।

४. जनताको मागको आधारमा विरुवा वितरण गरीनेछ । गाउँपालिका भित्रका परम्परागत रुपले ब्यबस्थापन हुदैआएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ (घाँस, अल्लो, अम्रिसो, बाबीयो, लोप्सा, बाँस,निगालो) कच्चा पदार्थ उत्पादन गर्ने क्लस्टरको रुपमा विकास गर्नेनितिलाई निरन्तरता दिइनेछ । बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतकोव्यवस्थापनकोनीति अवलम्बन गरिनेछ । प्रकोप व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।

५. खोटोसंकलनलाई व्यवस्थित गरिनेछ । सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण गरिनेछ साथै प्रत्येक घरमा एउटा फलफुल विरुवा रोपण कार्यक्रम ल्याइनेछ । निजी बन संरक्षण तथा निजी नर्सरी उत्पादक कृषकलाई प्रोत्साहन गरिनेछ ।

६. गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण गरि फोहोर मैला व्यवस्थापन कार्यक्रमलाइ प्रभावकारी रुपमा निरन्तरता दिइनेछ । प्रत्येक जनप्रतिनिधिले सार्वजनिक

स्थलमा कम्तीमा २ विरुवा रोपण कार्यक्रम तथा नया सन्तान जन्माउने दम्पतिलेएक जोडि विरुवा लगाउनैपर्ने निति ल्याइनेछ । कवुलीयति, निजि वन तथा धार्मिक वन विकास कार्यक्रमम संचालन गरिनेछ । पानि मुहान वरिपरी रिचार्ज प्रविधिको प्रयोग गरिनेछ र संरक्षण गरिनेछ ।

७. सडक योजनाहरुमा ३%वायोइन्जीनियरीङमा अनिवार्य खर्च गर्ने व्यवस्था गरिनेछ ।

८. तारजाली वितरण गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

## विपद तर्फ

१. विपदबाट जोगिन विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइनेछ ।

३. वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ ।

४. “हराबरा बन शिवनाथको धन” अवधारणा विकास गरिनेछ ।

५. घरभत्केका, आगलागी पिडीतलाई राहत वितरण गर्नेनिति ल्याईनेछ ।

६. अग्नीरेखा निर्माण गर्न लगाउनेनिति ल्याईनेछ ।

७. जडिवुटिको संरक्षण, अध्ययन, अनुसन्धान, प्रविधिको विस्तार, हर्वल गार्डेन प्रोत्साहन नयाँ उद्योग स्थापना, व्यवसायीकरण एवं वजारिकरण गर्दै जडीवुटीको माध्यमबाट आय आर्जनमा वृद्धि गरिनेनीति अवलम्बन गरिनेछ ।

८. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्नेगरी डिजाईन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाउने । वल्या बसेडी ेवन क्षेत्रलाई संरक्षण गर्न आवस्यक पहल गरिनेछ ।

९. जलवायुअनुकूलन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१०. वातावरण एवं जौविक विविधताकोसंरक्षण, पहिरोनियन्त्रण र भू—क्षय नियन्त्रणका लागि आवश्यक अध्ययनका आधारमा कार्यक्रम संचालन गरिनेछ । यस गाउँपालिका अन्तरगत रहेका रेडक्रस तथा अन्य संघसंस्था, समूह,र यबुाक्लवहरुलाई क्षमता अभिवृद्धि गर्न विषेश किसिमका कार्यक्रमहरु ल्याइनेछ ।

## भौतिक पूर्वाधार विकास तर्फ

१. नेपाल विद्युत प्राधिकरणबाट राष्ट्रिय प्रसारणलाईन गापाको केन्द्र सम्म पुग्ने क्रममा रहेकोले संघ सरकारसँग समन्वय गरी उक्त विधुतलाईनलाई सम्पुर्ण वडा भरी विस्तार गरीईनेछ।

२. प्रत्येक वडामा व्यवस्थित सडक सञ्जाल निर्माण गर्न सडकहरूको डिपिआर तयार गर्ने रणनीति ल्याउनुका साथै डिपिआर गरीएका सडकलाई थप व्यवस्थित बनाउने कार्यक्रम ल्याइनेछ।

३. गा.पा केन्द्रमा रहेको खेलमैदान र वडा नं. २ स्थित खुल्पूर खेलमैदानलाई थप व्यवस्थित गरिईनेछ।

४. निर्माणाधिन वडा कार्यालयहरू निर्माण सम्पन्न हुने चरणमा रहेको हुदा यथा सिघ्र कार्यालय संचालन गरिने व्यवस्था मिलाईनेछ।

५. निर्माण सम्पन्न हुन बाकी रहेका वडा कार्यालय आधारभुत स्वास्थ्य केन्द्र, निर्माण व्यवसायि संघ, आवश्यक प्रक्रिय पुरागरी यथासिघ्र निर्माण गरीने व्यवस्था गरिईनेछ।

६. गाउँपालिका सम्म पुग्ने मुख्य सडकलाई संघ र प्रदेश संग समन्वयगरी कालो पत्रे गर्न पहल गरिईनेछ।

७. वडा कार्यालय नभएका वडा नं. ५ का लागि वडा कार्य निर्माणका लागि पहल गरीनेछ।

८. स्थानीय सडकहरूलाई वर्ष भरी यातायात संचालन गरीने व्यवस्था गरिईनेछ।

९. भौतिक संरचना निर्माण गर्दा नक्सा पास, भुकम्प प्रतिरोधि प्रविधि अनुसार निर्माण गरीने कार्यलाई प्राथमिकता दिइनेछ र यसै आ.व. बाट भवन संहिता सम्बन्धी आवश्य कानून निर्माण गरी कार्यान्वयन गरिईनेछ ।

१०.यातायात गुरू योजना अनुसार सडक निर्माण कार्यलाई अगाडी बढाइनेछ।

११.सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङ्ग/बाल मैत्रि संरचना निर्माण गरिईनेछ।

१२.सडक निर्माण गर्दा बातावरण मैत्री बनाउने नीति अबलम्बन गरिईनेछ।

१३.संघ र प्रदेश सरकारसँगको समन्वयमा पालिका स्तरमा सञ्चालित मुख्य रणनीतिक सडकहरुको स्तरोन्नति तथा कालो पत्रेकालागि आवश्यक बजेटको व्यवस्था गरिईनेछ ।

१४.कृषि उत्पादनमा जोड दिन सिचाँई सुविधाका लागि आवश्यक बजेटको व्यवस्था तथा ठूला सिचाँई आयोजना सञ्चालनको लागि संघ र प्रदेशसँग समन्वय गरिईनेछ ।

१५.लिफ्ट सिचाँइ योजना मार्फत मुख्यतया सुनर्या र महाकाली नदी आशपासका खेति योग्य क्षेत्रका लागि सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरिईनेछ ।

१६.खानेपानी सरसफाई तथा स्च्छता व्यवस्थापन निर्देशिका २०७७ को परीच्छेद ३ को ७ र ८ उल्लेख भए अनुसार खानेपानी, सरसफाई तथा स्वच्छत(वास) इकाई लाई निरन्तरता दिइनेछ।

१७.एक वडा एक खेलमैदान कार्यलाई निरन्तरता दिइनेछ।

१८.साना सिचाई योजनाहरु निर्माण कार्य संचालनमा ल्याईनेछ ।

## उर्जा तथा लघु जलविद्युत

१. घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी बनाइनेछ ।

२. वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम स्रंचालन गरीनेछ ।

३. सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गर्न पहल गरिनेछ ।

४. गाउँपालिका लाई पुर्ण विधुतिकरणका लागि विधुत प्राधिकरण सँग समन्वय गरी पुर्ण बिधुतिकरण तर्फ उन्मुख गराईनेछ।

५. सञ्चार नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पु¥याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्दै ब्म्क्ी तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ वडा कार्यालय शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

६. पेपरलेस गाउँपालिकाकोआधार तयार गरिनेछ । विज्ञान प्रविधिमा पहुच अन्तरगत यस गाउपालिका अन्तरगत रहेका सम्पूर्ण वडा तथा सरकारी कार्यालय, सामुदायिक विद्यालयहरुमा संचार तथा इन्टरनेट सेवालाई निरन्तरता गरिनेछ । “सवैका लागि सुचना र सञ्चार कार्यक्रम” अन्तरगत तिब्र गतिको इन्टरनेट सेवा लगायत गाउंपालिकाबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र पारदर्शिता ढङ्गले प्रदान गर्न “सूचना प्रविधिमैत्री गा.पा.”वनाउने नीतिमा जोड दिईनेछ । क्षमता, योग्यता, आवश्यकता र समावेशीताकोआधारमा कर्मचारीहरुकोव्यवस्थापन गर्न स्पष्ट नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।

## कृषि तर्फ

१. बेमौसमी तरकारीको उन्नत वीउविजन ५० प्रतिशत वितरण गरिनेछ ।

२. बेमौसमी तरकारी सम्बन्धी अगुवा कृषक तालिम सञ्चालन गरिनेछ ।

३. अदुवा र बेसारको वीउ दोब्बर ८० प्रतिशतमा वितरण गर्ने ( व्यावसायिक किसानहरुलाई )

४. धान, मकै र भतमास उन्नत वीउ ८० प्रतिशतमा वितरण गरिनेछ ।

५. बेमौसमी तरकारी उत्पादन गर्न ९० प्रतिशतमा प्लास्टिक छानो वितरण गरिनेछ ।

६. हिउदे फलफूल विरुवा ८० प्रतिशत अनुदानमा दोब्बर वितरण गर्ने ( व्यावसायिक किसानहरुलाई )

७. बर्खे फलफूल विरुवा ८० प्रतिशत अनुदानमा दोब्बर वितरण गर्ने ( व्यावसायिककिसानहरुलाई )

८. फलफूल सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

९. गोठेमल व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम सञ्चालन गर्ने ।

११. अगुवा कृषकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१२. च्याउको विउ ८० प्रतिशतमा वितरण गर्ने र च्याउ सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१३.सक्रिय अगुवा कृषकहरुलाई अन्तर भ्रमणको व्यवस्था मिलाईनेछ ।

१४.कृषि सामाग्रीउपकरण खरिद गरि सक्रिय व्यावसायिक किसानहरुलाई निःशुल्क वितरण गरिनेछ ।

१५.अमेरिकन फौजी किरा नियन्त्रण गर्नको लागि बिषादीहरु खिद गरी निः शुल्क वितरण गरिनेछ ।

१६.अन्न भण्डारणको लागि (सिड विन, सुपर ब्याग) वितरण गर्ने व्यवस्था गरिनेछ ।

१७.किसानहरुलाई फलफूल, तरकारी र खाद्यान्न बालीको जानकारीका लागि लिपलेट, पम्पलेट वितरण गरिनेछ ।

१८.उकृष्ट व्यावसायिक किसानलाई गाउँपालिका वाट प्रोसाहनको व्यवस्था मिलाईनेछ ।

१९.केरा खेतिका लागि वोट विरुवा वितरण कार्यक्रम गरिनेछ ।

२०.युवा स्वरोजगार कार्यक्रम जस्तै केरा खेति, बेमौसमी तरकारी उत्पादन गर्न प्लाष्टिक वितरण र मौरीपालन व्यवसायको व्यवस्था मिलाईनेछ ।

२१.तरकारी, फलफूल र खाद्यान्न बालीको लागि बाली संरक्षणका आकस्मिक सेवाकार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२.वातावरण अनुकूल रक्तचन्दन तथा श्रीखण्डका विरुवा रोपण कार्यक्रम ल्याईनेछ ।

## पशु तर्फ

१. पशुजन्य उत्पादनमा जोड दिदै किसानहरुलाई नि शुल्क पशु स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

२. पशुपंक्षी पालन किसानलाई बिमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रममा जोड दिइनेछ ।

४. व्यवसायिक किसानहरुमध्येबाट उत्कृष्ट कृषक समुहलाइ पुरुष्कृत गर्ने ।

५. मासु,अण्डा तथा दुधबाट आत्म निर्भर बनाउनका लागि बिशेष कार्यक्रम गरिनेछ ।

६. पशुपालन, भैसी पालन ,गाई पालन बिशेष प्याकेज कार्यक्रम मार्फत व्यवसायीकरणमा जोड दिइने छ ।

७. पशु बिज्ञकेन्द्र सँग समुन्वय गरिने छ ।

८. बिभिन्न प्रकारका पशुपक्षींरोगहरुको निराकरणका लागि पशुबिज्ञकेन्द्र र गाँउपालिकाको सहकार्यमा खोपको व्यवस्थापन गरिने छ ।

९. कुखुरा पालन,बंगर पालन,बाख्रा पालन र माछा पालनमा बिशेष जोड दिइने छ ।

१०.पशुपंक्षी उत्पादन बृद्धि र बजारीकरणमा जोड दिइने छ ।

११.समुह समिति गठन,बहुउदेशीय फर्म कार्यक्रम सञ्चालन गरिने छ ।

१२.उन्नत जातका बाख्रा र बोका किसानहरुलाई उपलब्ध गराईने छ ।

१३.स्थानीय स्तरमा रहेका पशुपंक्षी संरक्षण गरिने छ ।

१४.बाख्रापालन तथा अन्य व्यवसायिक किसानलाइ प्रोत्साहन गरिने छ ।

१५.पशुहरुमा फैलिएको लम्फी स्कीन लगायत अन्य महामारी रोगको लागि खोप तथा उपचार सेवामा बिस्तार ।

१६.पशुपंक्षीमा लाग्ने महामारी रोगको निदान तथा उपचारमा बिशेष जोड दिइने छ ।

१७.कृत्रिम गर्भाधानका लागि बिशेष जोड दिइने छ ।

१८.पशुपंक्षी व्यवसाय सम्बन्धी बिशेष तालिमको व्यवस्थापन गरिने छ ।

१९.पशुपंक्षीहरु सम्बन्धी बिमाको व्यवस्थापन गरिने छ ।

२०.पशुपंक्षी उपचार सेवालाई थप प्रभावकारी ढंगले सेवा प्रदान गरिने छ ।

२१.आन्तरीक तथा बाह्य परजीवी सम्बन्धी र अन्य लगायतका रोगहरुको उपचार सम्बन्धी शिविर संचालन गरिने छ ।

## राजस्व तथा आन्तरिक श्रोत परिचालन तर्फ

१. कर प्रशासनलाई चुस्त सरल र प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण निर्माण गरिनेछ।

२. गाउँपालिकाले आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, करको दायरा विस्तार र राजस्व चुहावटलाई पूर्णरुपमा नियन्त्रण गर्नेछ।

३. गाउँपालिकाले सम्पूर्ण करदाताको तथ्याङ्क संकलन गरी अभिलेख अद्यावधिक गरिनुका साथै राजस्व असुली कार्य वैज्ञानिक,यथार्थपरक, पारदर्शी र प्रभवाकारी बनाईनेछ।

४. राजस्व शाखा र राजस्व सम्बन्धि कार्य गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ।

५. घर बहालकरलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला संघ, संस्था, निकाय वा कार्यालयसँग समन्वय गरी तथ्याङ्क संकलन तथा राजस्व संकलन प्रभावकारी बनाइनेछ।

६. सेवाग्राहीले कर तिरिसकेपछि एस.एम.एस. मार्फत धन्यवाद ज्ञापन गर्ने र अनलाईन पद्धतिबाट कर संकलन तथा असुल गर्न सक्ने गरी सेवा विस्तार गरिनेछ।

७. गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिमा योगदान गरेवापत योगदानका आधारमा करदातालाई पुरस्कृत गर्ने प्रणाली विकास गरिनेछ।

## रोजगार सेवा केन्द्र तर्फ

१. रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित बनाई आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ती उत्पादन र रोजगारीका अवसर पहिचा गर्नेको लागि आवश्यक तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ।

२. संविधान प्रदत्त रोजगारीको हक प्रदान गर्न, न्यूनतम रोजगारीको प्रत्याभुति हुनेगरी प्रधानमन्त्री रोजगार कार्यक्रम लाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्र शिवनाथबाट सञ्चालनहुने सीपमूलक तालिम र विकास निर्माणका आयोजनाहरुमा पालिकाबाट लागत साझेदारी गर्ने कार्यलाई निरन्तर्ता दिईनेछ।

३. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवद्धनको लागि सार्वजनिक विकास निर्माण कार्यहरुमा कामको प्रकृतिअनुसार रोजगार सेवा केन्द्रमा सूचीकृत भएका व्यक्तिहरुलाई खटाउने व्यवस्था मिलाईनेछ।

४. यस शिवनाथ गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृती दिने कार्यलाई निरन्तर्ता दिईनेछ।

५. रोजगार सेवा केन्द्रमा वार्षिक रुपमा वेरोजगार व्यक्तिहरूको नामावलि अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ

१. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत अनिवार्य भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइने छ, साथै नेपाल एस.बि.आइ. बैङ्कसँग समन्वय गरि गाउँपालिका र बैङ्कको सहकार्यमा घुम्ति सिविर मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२. सामाजिक सुरक्षा भत्ता पाउने सम्पुर्ण लाभग्राही जेष्ठनागरीकहरूको सामाजिक सुरक्षा भत्ता निजहरुको नातेदार मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउपालिका र नेपाल एस.वि.आई. बैंक, शिवनाथ शाखा विच विश्वसनीय वातावरण सृजना गर्ने व्यवस्था गरिईनेछ।

३. घटना दर्ताका कार्यहरू विधुतीय माध्यम द्वारा अध्वावधिक गर्ने कार्य निरन्तर चलिरहनेछ।

४. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र निजहरूमाथि भएको विभेदीकरणको अन्यका लागि नीति तयार गरी बाल संजाल गठन गरिईनेछ।

५. शिवनाथ गा.पा बाट निर्मित बालविवाह न्युनिकरण सम्बन्धि तयार गरीएको ५ बर्षे रणनीतिक योजनालाई लागु गरिईनेछ।

६. दलित समुदायमा रहेको परमपरागत पेशा, सीप, कला र दक्षतालाई सुदृढीकरण र व्यवसायिकरण गर्ने कार्यक्रम संचालन गरिईनेछ।

७. जोखिममा रहेका एकल महिलाहरूको पहिचान गरी वडा तह र गा.पा तह को एकल महिला संजाल गठन गरी मागको आधारमा कार्ययोजना तयार पारिईनेछ।

८. लौङ्गिक हिंसा निवारण कोष कार्यविधि कार्यान्वयन गरी हिंसा पीडित महिलालाई राहात तथा पूर्नस्थापना गरिईनेछ।

९. भूमिहिन विपन्न वर्ग एकल महिला मुक्त हलिया लाई सुरक्षित नागरीक कार्यक्रम लागु गरिईनेछ।

१०. लौङ्गिक हिंसा छुवाछुत, महिनावारि जस्ता कुरीतिहरू तथा कुप्रथाहरूको अन्यका लागि विशेष कार्यक्रम संचालन गरिईनेछ।

११. गा.पा. भरी रहेका ग र घ वर्गका अपाङ्गहरूको तथ्याङ्क सङ्कलन गरी निजहरूको अधिकार सुनिश्चित गर्न गा.पा. स्तरीय अपाङ्गता संजाल गठन गर्ने व्यवस्था मिलाईनेछ।

१२. बाल श्रम मुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम ल्याइने छ ।

१३. बिगतका हस्तलिखित घटना दर्ता कार्यलाई अनिवार्य रुपमा बुधुतिय माध्यमबाट अध्यावधिक गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

१४. सामाजिका सुरक्षा भत्ता प्राप्त गर्ने १८ वर्ष भन्दामाथिका लाभग्राहीलाई राष्ट्रिय परिचय पत्र अनिवार्य गरिनेछ ।

१५. सामाजिका सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले स्वयम् उपस्थित भई नविकरण र दर्ता गर्ने कार्य वायोमेट्रिक भेरिफिकेसनबाट गरिनेछ ।

## <u>बहुक्षेत्रीय पोषण तर्फ</u>

१. बहुक्षेत्रीय पोषण योजना अन्तगत पोषणमैत्री स्थानिय शाशन अबलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि बिशेष अभियान संचालन गर्ने छ ।

२. एक वडा एक पोषण नमुना गाँउको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ ।

३. वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट बिनियोजन गरी पोषणमैत्री वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ ।

४. यस बर्ष एउटा वडालाई पोषणमैत्री वार्ड घोषणा गरिनेछ आगामी ३ वर्षमा पोषणमैत्री गाउपालिका घोषणा गरिनेछ ।

५ . नेपालका महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदेश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस शिवनाथ गा.पा. ले उच्च प्राथमिकतामा राख्ने छ ।सोही अनुरुप आ.ब.२०८१।०८२ को लागि नेपाल सरकारबाट प्राप्त हुने

बजेट र यस गाउपालिकाले छुट्याइएको समपुरक रकम समेत लाई बिषयगत तथा क्षेत्रगत बिनियोजित पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीका लागि बिषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लछित र सम्बेनशील निकायहरु सँग क्रियाकलापहरु संचालन गरिनेछ ।

७. महिला बालबालिका लछित कार्यक्रम जस्तै बाल पोषण अनुदान,खोप कार्यक्रम,बालमैत्री स्थानिय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ ।

८. यस शिवनाथ गा.पा.को पोषण सम्बन्धी सुचना ,तथ्याकंहरुको व्यवस्थापनको कमि भएको कुरालाई महशुस गर्दै यस गा.पा.मा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाको सहकार्यमा गाउ पालिका स्तरीय पोषण पाश्र्व चित्र यस बर्ष भित्र तयार गरिनेछ ।

९. सबै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरि त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन,सुशासन, र पारदर्शिताको सुनिश्चिता गरिने छ ।

१०. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको कार्यान्वयनका लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष ताथ पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरिनेछ ।

११. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष, उद्देश्य कार्यान्वयन गरी पोषणमैत्री स्थानीय साशनको प्रवर्द्धन गरिनेछ ।

## उद्योग विकास तर्फ

१. उद्यम बिकास तथा रोजगार सृजना सम्बन्धी रणनितिक योजना तयार गर्ने ।

२. बजारको माग तथा स्रोत साधनको उपलब्धता र जनचाँहानामा आधारित उद्यमहरुको स्थापना गर्ने ।

३. पुराना उदयमिहरुको स्तरोन्नति गर्ने ।

४. एक घर एक उद्यमी एक वडा एक उद्योग स्थापना कार्यक्रम संञ्चालन गरिईनेछ ।

५. स्थानिय स्तरमै रोजगारिका अवसरहरु सृजना गरी गाउँपालिकालाई समृद्ध बनाउने नीति लिईनेछ ।

६. लघु तथा साना घरेलु उद्योग स्थापना तथा संचालन गर्ने उदयमिहरुलाई अनुदान उपलब्ध गराउने तथा दर्ता प्रकृया सहज गरि घरेलुमा दर्ता गर्ने प्रकृयालाई गाउँपालिकाबाट नै दर्ता नबिकरण गर्ने व्यवस्था गर्नेछौ ।

७. उत्कृष्ठ उद्यमिलाई प्रोत्साहनको लागी उद्योग बिकास शाखा बाट सम्मान कार्यक्रम को व्यवस्था मिलाईने छ ।

८. स्थानिय उत्पादनलाई प्राथमिकतामा राखी सो को बाजारिकरण मा सहयोग गर्ने ।

९. विपन्न वर्गका उदयमिहरुलाई साझा सुबिधा केन्द्र र बिक्री कक्षको स्थापना गरिने छ ।

## सूचना प्रविधि तर्फ

१. शिवनाथ गाउँपालिकामा एउटा सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरिईनेछ।

२. शिवनाथ गाउँपालिकामा डिजिटल नोटिस बोर्डको स्थापना गरिईनेछ ।

३. सबै मा.बि.,निमावि, आ.वि. र स्वस्थ्य चौकीमा सूचना प्रविधिका न्युनतम सामग्रीहरूको परीपुर्ति गरिईनेछ।

४. गाउँपालिकामा एउटा *E-Library* को व्यवस्था गरीनेछ। जसबाट शिक्षण सामग्रीहरूको परीपुर्ति गरिईनेछ।

५. सेवा प्रवाहलाई प्रविधियुक्त एवं कर्मचारीहरूको कार्य दक्षताका लागि आवश्यकता अनुरूप सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था मिलाईनेछ।

६. आ.वि., तह देखी मावि तह सम्म सबै विद्यालयमा इन्टरनेटको व्यवस्था मिलाईनेछ।

७. विद्यालयहरूमा कम्प्यूटर शिक्षामा जोड दिइनेछ।

८. विषयगत कम्प्युटर शिक्षक नभएको विद्यालयका शिक्षकहरूलाई कम्प्युटर तालिमको व्यवस्था मिलाईनेछ।

९. गाउँपालिका, वडा कार्यालय र सामुदायीक विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिईनेछ ।

१०. गाउँपालिकाबाट हुने कार्य सम्पादन र सेवा प्रवाहलाई थप प्रविधिमैत्री बनाईनेछ ।

११. सुचना प्रविधिमा विशेष जोडदिन आवश्यक सफ्टवेयर अनवेशण ताथ विकास गरिनेछ ।

१२. ***E-palika*** कार्यक्रम अगाडी बढाईनेछ ।

## सस्थागत सुधार तथा शुसासन प्रवर्धनः

१. विदाको दिन र अतिरिक्त समयमा पनि काम काज गर्ने कर्मचारीलाई थप सेवा सुविधाको उचित व्यवस्था गरिईनेछ।

२. खरिद गुरु योजना तयार गरी कार्यक्रम संचालनमा ल्याइनेछ ।

३. कर्मचारीको हकमा कार्यसम्पादन र मुल्याङ्कनको आधारमा सेवा सुविधा थप्ने बातावरण सृजना गरिईनेछ।

४. जनप्रतिनिधि र कर्मचारीलाइ अनिवार्य स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ साथै आम जनतालाई स्वास्थ्य बीमा गराउन प्रेरित गराईनेछ।

५. कर्मचारी व्यवस्थापन एवं परीचालनमा तदारूकताका साथ कर्मचारीको दरबन्दी पुर्णता पठाईसकेकोले कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिइनेछ।

६. कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिईनेछ।

७. स्थानीय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरू सञ्चालन गरिईनेछन।

८. प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिईनेछ।

९. अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न जोकोहि व्यक्तिलाई सम्पत्तिको निगरानी अनुसन्धान र छानविनको दायरामा ल्याइनेछ।

१०. कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाईनेछ।

११. राष्ट्रसेवकहरूमा काम प्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य पद्धतिको विकास गरिईनेछ।

१२. सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरी सरकारी सेवालाई नयाँ जीवन दिइनेछ।

१३. विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरी वैज्ञानिक पद्धति लागु गर्न विभिन्न कार्यविधि एवं कानुन निर्माण गरिईनेछ।

१४. दरवन्दी अभावका कारणले हालसम्म ५ वडामा वडा सचिव भएकोले प्रदेश लोक सेवा आयोगसंग माग गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

## <u>विविध सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. परम्परागत सीपलाई व्यवसायीकरण गर्न विशेष ग्राहयता दिइनेछ।

२. शिवनाथ गाउँपालिकाका युवाहरुलाई लोक सेवा तर्फ आकर्षित गर्न लोक सेवा कक्षा सञ्चालन गरिईनेछ ।

३. गाउँपालिकाको कार्यलाई परिणाममुखी र थप व्यवस्थित गर्न आवश्यक पर्ने बिशिष्ठता र विज्ञता हासिल गर्न कृषि बिज्ञ, पशु विज्ञ, कानूनि सल्लाहकार, शिक्षाविद / विज्ञ, राजनैतिक / समाजिक सल्लाहकार, वातावरण विज्ञ तथा सूचना प्रविधि विज्ञको परार्मशमा अगाडि बढने निति अवलम्वन गरिईनेछ ।

४. नेपालि नागरीकता र मतदता परिचय पत्रबाट वन्चित नागरिकलाई पालिका स्तरमा सेवा सुविधा उपलव्ध गराउन जिल्ला प्रशासन कार्यालय बैतडी र नेपाल सरकारसँग समन्वय गरिईनेछ ।

५. पिछडिएको बर्गलाई मुलप्रवाहीकरणमा ल्याउन विभिन्न सशक्तिकरणका कार्यक्रमहरू ल्याइनेछन।

६. सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्वन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरूमामेलविलापकेन्द्रखडागरीने नीति ल्याइनेछ।

७. किसनाहरुको अन्नबालि नष्ट गर्ने जङ्गलि जनावर नियन्त्रणकालागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिईनेछ ।

८. लैसास नितिलाई पूर्ण रुपमा अवलम्वन गरिईनेछ।

९. मदिरा नियन्त्रणलाई थप प्रभावकारी बनाइ समाजमा शान्ति सुरक्षा कायम गरिईनेछ ।

१०. धार्मिक तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

११. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक बत्तिको थप व्यवस्था गरिईनेछ ।

१२. जनताको गुनासो सुनका, अन्तरक्रिया गर्न जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिईनेछ।

१३. जोखिममा परेका आर्थिक अवस्था कमजोर भएका, दिर्घकालीन विरामिहरूकालागि,चितुवा आक्रमणर दुर्घटना परी ज्यान गुमाउनेका लागि गरिएको विपन्न नागरिक राहत कोषलाई निरन्तरता दिइनेछ।

१४. न्यायिक समितिको काम कार्वाहिलाई सशक्त र सुदृढ पारिईनेछ।

१५. जलबायु अनुकुलका बिभिन्न कार्यक्रमहरू सुचारू गरिईनेछ।

१६. विभिन्न रोजगारमुलक कार्यक्रमहरू संचालन गरिईनेछ।

१७. मोवाईल संचार नपुगेका स्थानहरूमा नेपाल टेलिकमसंग समन्वय गरी निर्माणको प्रक्रिया अघि बढाईनेछ।

१८. स्थानीय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुक्रे योजनाहरूमा विनियोजन गर्नेपरीपाटीलाई निरूत्साहित गरिईनेछ।

१९. रकत समूह पहिचान तथा तत् सम्बन्धी सचेत्नामुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।

२०. वातावरणमा प्रतिकूल असर पारिरहेका सिसाजन्य र प्लास्टिकजन्य बस्तुहरुको उचित व्यवस्थापन मिलाईनेछ ।

२१. स्थानीय उत्पादनको प्रर्वर्धन र बजारीकरणमा विशेष जोड दिने नीति लिईएको छ ।

२२. सामाजिक समावेशीकरण नीति ल्याई कार्यान्वयन गरिनेछ ।

२३. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति ल्याईने छ ।

**<u>सभाका सदस्य महोदय,</u>**

प्रस्तुत नीति तथा कार्यक्रमको परीधिभित्र रही आगामी आर्थीक वर्ष २०८१/०८२ को सीमित स्रोत र साधनको अधिक्तम उपयोग गर्नका लागि तपसिल बमोजिमको अनुमानित आय प्रक्षेपण गरीएको व्यहोरा सम्मानित गाउँसभामा पेश गर्न चाहन्छु ।

| **क्र.स.** | **श्रोत** | **रकम रू.** |
|---|---|---|
| १ | नेपाल सरकार राजस्व वाडफाड | ७,९५,००,०००/- |
| २ | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ७,७६,००,०००/- |
| ३ | नेपाल सरकार शसर्त अनुदान | १५,९०,२१,५००/- |
| ४ | नेपाल सरकार विशेष अनुदान पूजीगत | 0 |
| ५ | नेपाल सरकार समपूरक अनुदान पूजीगत | ५५,००,०००/- |
| ६ | प्रदेश सरकार समपूरक अनुदान | ७६,००,०००/- |
| ७ | प्रदेश सरकार विशेष अनुदान | ६५,००,०००/- |
| ८ | प्रदेश सरकार वित्तीय समानीकरण | ६४,८७,०००/- |
| ९ | प्रदेश सरकार शसर्त अनुदान | ० |
| ९ | प्रदेश सरकार राजस्व बाडफाड- सवारी साधन कर | ११,३०,०००/- |
| १० | आन्तरिक आम्दानी | ४०,००,०००/- |
| ११ | गा.पा. बचत मौजात | ५०,००,०००/- |
| | जम्मा | ३५,२३,३८,५००/- |

अन्तमा शिवनाथ गाउँपालिकाको आगामी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्नुहुने गाउँपालिका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरू, नागरीक समाज, विज्ञ समुदाय, निजी तथा गैर सरकारी क्षेत्रहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

**धन्यबाद ।**